लिखु गाउँपालिका

# गाउँकार्यपालिकाको कार्यालय

डुँडे, नुवाकोट

बागमती प्रदेश, नेपाल

प.स०८१/०८२

च.न ४३८

## सूचना! सूचना !!सूचना!!!

विषयःसमुदायमा आधारित पुनर्स्थापना कार्यक्रम (सि.बि.आर) प्रस्तावना पेश गर्ने सम्वन्धि

प्रकाशित मिति २०८१।०९।०१

प्रस्तुत विषयमा सामाजिक विकास मन्त्रालय वाग्मती प्रदेशवाट आ.व.०८१।०८२ को स्वीकृत वार्षिक कार्यक्रम अनुरुप अपाङ्गता भएका व्यक्तिहरुलाई सामाजिक तथा आर्थिक सशक्तिकरण गरी विकासको मूल प्रवाहमा ल्याउने साथै अन्य नागरिक सरह सक्षम र स्वावलम्वन वनाउने उद्धेश्यले प्रदेश सरकार सामाजिक विकास मन्त्रालय मार्फत स्थानीय तहवाट सञ्चालन हुने अपाङ्गता भएका व्यक्तिहरुलाइ **समुदायमा आधारित पुनर्स्थापना कार्यक्रम (सि.बि.आर)"** यस गाउँपालिका भित्र अपाङ्गता सम्वन्धि काम गर्ने संघ संस्थाहरुको साझेदारीमा संचालन गर्न ईच्छुक संस्थाले अपाङ्गता भएका व्यक्तिहरुका लागि समुदायमा आधारित पुनर्स्थापना कार्यक्रम सञ्चालन कार्यविधि, २०८० को दफा ८ बमोजिम प्रस्ताव आह्वानको लागि १५(पन्ध्र) दिने सुचना जारी गर्न मिति २०८१।०९।०१ को कार्य समितिको निर्णय अनुसार योग्यतापुगेका इच्छुक संघ संस्थाहरुले तपसीलको रित र शर्त पूरा गरी प्रस्तावना पेश गर्न सूचना जारी गरीएको छ। सामाजिक विकास मन्त्रालयवाट प्राप्त निर्देशिका वमोजिम संस्था छनौट गर्ने अधिकार समुदायमा आधारित पुनर्स्थापन कार्यक्रम कार्य संचालन समितिलाई हुनेछ ।

**तपसिल**

**१) दरखास्त साथबुझाउनुपर्ने कागजात**

क) अपांगता क्षेत्रमाकाम गरेको अनुभव सम्वन्धि कागजात।

ख) संस्थादर्ता नवकिरण, विधान, प्रशासनीक तथा आर्थिक नियमावलीको छायांप्रती।

ग) समाज कल्याण परिषद्को आवद्धता पत्र।

घ) गतवर्षको वार्षिक प्रतिवेदन र लेखा परिक्षण प्रतिवेदन।

ङ) संस्थाको भौतिकपूर्वाधारको अवस्था दर्शाउने कागजात ।

**२) प्राथमिकता :**

क) संस्था यस गाउँपालिका भित्र दर्ता गरी सुचीकृत भई कार्यरत रहेको (त्यस्तो संस्थानभएमा)

ख) नुवाकोट जिल्ला भित्र कार्यरत संस्था ।

३) प्रस्तावनामा कुनै प्रशासनीकखर्च उल्लेख गर्न पाईने छैन।

४)प्रस्तावमा सवै प्रकारका अपांगता भएका व्यक्तिलाई विभिन्न समान अवसरका सेवा (शिक्षा, स्वास्थ्य, तालिम,सिप नेतृत्व विकास, लघु कर्जा, सहायक सामाग्री आदी) उपलब्ध गराउने र सामाजिक तथा आर्थिक सशक्तिकरण गरी विकासको मुलप्रवाहमा ल्या सक्षम तथा स्वावलम्वी वनाउनको लागि ।

(क) तथ्यांक संकलन

(ख) सिविर सञ्चालन

(ग) सहायक सामाग्री वितरण

५) प्रस्तावना दर्ताका लागि कुनै शुल्क लाग्ने छैन ।

६) अन्य कुराको हकमा सि.बि.आर कार्यकम सञ्चालन कार्यविधि, २०८० बमोजिम हुनेछ ।